बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौँडा, नेपाल

प.सं.: २०७८।०७९

च.नं.: 622

मितिः- २०७९।०२।३१

विषयः **चालु आर्थिक वर्ष २०७८/०७९ को आर्थिक कारोवारको खाता बन्दी सम्बन्धमा ।**

श्री बागमती प्रदेश भित्रका स्थानीय तहहरु
सवै (११९ वटा),

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६१ मा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि सम्वन्धी कानून बनाउँदा यस ऐनको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । नेपाल सरकारको आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ३ मा हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी दिइने छैन भन्ने व्यवस्था रहेको छ । सोही नियमको उपनियम ७ मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भूक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३४ को उपनिय (२) मा भएको व्यवस्था संघीय आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७६ को प्रतिकूल रहेको छ । तसर्थ चालु आर्थिक वर्षको प्रदेश सरकारबाट स्थानीय तहमा अख्तियारी प्राप्त भएको बजेटको हकमा (जस्तैः स्वास्थ्य मन्त्रालयबाट अख्तियारी प्रदान गरिएको प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम, सामाजिक विकास मन्त्रालयबाट अख्तियारी प्रदान गरिएको प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षा तर्फ संचालन तथा व्यवस्थापन) र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट अख्तियारी प्रदान गरिएको प्रदेश पूर्वधार साझेदारी कार्यक्रम (संचालन तथा व्यवस्थापन)) भूक्तानी दिनु पर्ने रकम २०७९ आषाढ २४ गते भित्र भूक्तानी दिई निकासा बन्द गर्नु हुन र सोभन्दा पछि मसान्त सम्म हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा भूक्तानी आदेश नपठाउने व्यवस्था गर्नुका साथै सो कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट गराई सोको केन्द्रीय आर्थिक विवरण तयार गर्ने प्रयोगजनको लागि आन्तरिक लेखापरीण र वार्षिक आर्थिक विवरण सम्वन्धित अख्तियारी प्रदान गर्ने मन्त्रालयमा पठाउने व्यवस्था हुन अनुरोध छ ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

**बोधार्थः**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडाः तहाँबाट अख्तियारी प्रदान गरिएको हकमा सोही बमोजिम गर्ने जानकारी गराई दिनु हुन ।
श्री सामाजिक विकास मन्त्रालय, हेटौंडाः तहाँबाट अख्तियारी प्रदान गरिएको हकमा सोही बमोजिम गर्ने जानकारी गराई दिनु हुन ।
श्री स्वास्थ्य मन्त्रालय, हेटौंडाः तहाँबाट अख्तियारी प्रदान गरिएको हकमा सोही बमोजिम गर्ने जानकारी गराई दिनु हुन ।
श्री महालेखा नियन्त्रक कार्यालय, (कोष प्रशासन शाखा), अनामनगर, काठमाण्डौं ।
श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय): रसुवा, नुवाकोट, धादिङ्ग, त्रिपुरेश्वर, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, चितवनः अख्तियारी मार्फत संघीय र स्थानीय तहमा विनियोजित बजेट कार्यान्वयन सम्वन्धमा सम्वन्धित कार्यालयहरुलाई जानकारी गराई दिनु हुन ।